International Research Journal of
Makawanpur Multiple Campus (IRJMMC)

Vol- 5, No. 1, March 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# 'पसिनाको घर' कवितासङ्ग्रहभित्रको पञ्चप्रेम

# (Panchaprem in the poetry collection "Pasinakoghar")

**DR. MADHUSUDAN LAMICHHANE | DR. DASARATH NEUPANE**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Dr. Madhusudan Lamichhane**
Baneshwor Multiple Campus
debarshi.madhu@gmail.com

*KEYWORDS*

अभिव्यक्त (Expressive)

विषयानन्द (Contented)

शून्यान्त (Empty)

महिमामयी (Glorified)

मात्सर्य (Greedy)

गार्हस्थ्य (Domestic)

कर्मस्थल (Workplace)

*ABSTRACT*

‘पसिनाको घर’ कवितासङ्ग्रहभित्रका बयालिसवटा कविताहरूमध्ये पाँचवटा कविता ‘आकाशजस्तो प्रेम’, ‘मित्रता र प्रेम’, ‘नबुझेको प्रेम’, ‘अलिखित प्रेम’ र ‘हाम्रो प्रेम’ शीर्षकका कवितामा आत्मिक प्रेमका बोरमा चर्चा गर्नु नै यस लेखको मूल मर्म हो । उपर्युक्त कविताहरूभित्र अभिव्यक्त आत्मिक प्रेम पक्षको पहिचान गरी विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य हो । पुस्तकालयमा गई पूर्वीय दर्शनसँग आबद्ध भएका पुस्तकहरूको पठनविधि प्रयोग गरी कविताभित्र उल्लेख भएको आत्मिक प्रेमको पक्षलाई कविताको विश्लेषण विधिका आधारमा लेख तयार गरिएको छ । पसिनाको घरभित्र कवितासङ्ग्रहभित्रका प्रेमपरक पाँचवटा कविताहरूलाई प्राथमिक स्रोतका रुपमा मानिएको छ । आत्मिक प्रेम सम्बन्धी उल्लेख भएका आध्यात्मिक सामग्रीहरूलाई सहयोगी सामग्रीका रुपमा अपनाइएको छ । आत्मिक प्रेमको चर्चा गर्ने क्रममा कवितासङ्ग्रहमा उल्लेख गरिएका उपर्युक्त शीर्षकका पाँचवटा कविताहरूमा के कस्तो खालको प्रेमपरक भाव व्यक्त भएको छ, प्रेमका सम्बन्धमा भोग्नु परेका सस्याहरू, नारीको अवमूल्यन गरिएका प्रसङ्गहरू, सुन्दर सपनाहरु साकार पार्नका लागि नारीद्वारा गरिने निरन्तर गरिने सङ्घर्ष, नारीले भोग्नु परेका बाधा तथा व्यवधानहरू, सङ्घर्षका पाटाहरू र भौतिक सम्पन्नतातिर दौडिरहेको आजको समाज र उनीहरुका अतृप्त चाहनाहरूकै कारणले असन्तुष्ट मनहरूको उल्लेख गर्दै आत्मिक प्रेमको उजागर गर्न खोजिएको छ । वास्तवमा उक्त पाँचवटा कविताभित्र सामाजिक समस्या, नारीप्रतिको दृष्टिकोण, नारीलाई भोग्यका रुपमा व्यक्त गरिएका प्रसङ्गहरू उल्लेख गर्दै आत्मिक प्रेमको उजागर गर्ने प्रयत्न गरिएको छ । पाँचवटै कविताहरूका माध्यमबाट आत्मिक प्रेमका बारेमा खोजी गरिएकोले आजको समाजमा आत्मिक प्रेमको अनुसन्धान गर्ने व्यक्तिहरूका लागि पनि प्रस्तुत लेख जीवनोपयोगी हुने छ ।

[The primary objective of this article is to delve into the theme of spiritual love within five selected poems from the "Pasinako Ghar" poetry collection. The poems under

International Research Journal of
Makawanpur Multiple Campus (IRJMMC)

Vol- 5, No. 1, March 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

examination include "Akash Jasto Prem," "Mitrata ra Prem," "Nabujheko Prem," "Alikhit Prem," and "Hamro Prem." The fundamental aim is to identify and thoroughly analyze the representation of spiritual love in these particular poems. This article has been crafted through an analysis approach focusing on the theme of spiritual love as expressed in the poem. The methodology employed involves a thorough examination of literature related to ancient philosophy, utilizing resources available in the library. The primary focus is on five love poems featured in the 'Pasinako Ghar' poetry anthology, which are regarded as the main sources for this exploration. The article has utilized supportive materials related to spiritual love to explore the concept in the poems. The article aims to highlight the various dimensions of profound love expressed in these poems, including the struggles faced in love, the societal expectations related to love, the challenges and conflicts encountered by women in expressing their desires, the continuous struggles initiated by women for shaping beautiful dreams, and the constant societal conflicts and materialistic pursuits that have left today's society and individuals dissatisfied. In essence, the article seeks to shed light on the portrayal of spiritual love amidst social issues, the perspectives on women, the obstacles faced by women in enjoying love, and the unfulfilled desires due to contemporary societal and individual dissatisfaction. The exploration of these themes within the context of the five mentioned poems serves as a valuable resource for individuals in contemporary society who are interested in delving into the realm of spiritual love.]

## १. समस्या कथन तथा उद्देश्य

‘आकाशजस्तो प्रेम’, ‘मित्रता र प्रेम’, ‘नबुझेको प्रेम’, ‘अलिखित प्रेम’ र ‘हाम्रो प्रेम’ शीर्षकका कवितामा आत्मिक प्रेमको खोजी गर्नु नै यस अनुसन्धानात्मक लेखको समस्या हो । कवि जुनू घिमिरेले पसिनाको घर शीर्षकको कवितासङ्ग्रहमा प्रयुक्त उपर्युक्त पाँचवटा कवितामा आत्मिक प्रेमका बारेमा खोजी गर्नु यस अनुसन्धानात्मक लेखको मुख्य प्रयोजन हो । आत्मिक प्रेमको खोजी गर्ने क्रमममा प्रकृति, मानवका व्यवहार आदिको अध्ययन गर्नु यसको उद्देश्य हो ।

## १.२ अध्ययनको औचित्य

‘पसिनाको घर’ शीर्षकको कवितासङ्ग्रहमा प्रयुक्त पाँचवटा कविता आत्मिक प्रेमको खोजीमा केन्द्रित छन् । कविताका प्रकृतिका विभिन्न स्वरूपहरूको सान्निध्यमा मानवीय व्यवहार र आत्मिक प्रेम प्रस्तुत गर्नु यसको औचित्य हो ।

## १.३ अध्ययनको सीमा

कवि जुनू घिमिरेको ‘पसिनाको घर’ शीर्षकको कवितासङ्ग्रहमा प्रयुक्त उपर्लिखित पाँच कविताहरूमा आत्मिक प्रेमको खोजी गर्नमा मात्र सीमित छ । आत्मिक प्रेमलाई विषयकेन्द्री बनाइएको छ । कवितामा देखावटी वा स्वार्थी प्रेम र वास्तविक वा आत्मिक प्रेमको चित्रण गरिएको

छ । प्रयुक्त कविताहरूलाई आत्मिक प्रेमको खोजीमा मात्र सीमित रहेको छ।

## १.४ अध्ययनको विधि

कवितासङ्ग्रहमा व्यक्त भएका प्रेमपरक कविताहरूको विश्लेषणका माध्यमबाट समीक्षा गरिएको छ। प्रकृतिका साश्वत पक्षको विश्लेषण गरिएको छ । सामग्री सङ्कलनमा श्रीमद्भगवत गीता, श्रीमद्भागवत तथा आत्मिक प्रेमसँग सम्बद्ध सामग्रीहरूको प्रयोग गरिएको छ । पुस्तकालयका सामग्रीहरूलाई समेत अध्ययन गरी मूल सामग्रीको चर्चा गरिएको छ । व्याख्याका रुपमा कविका पाँचवटा प्रेमपरक कविताको अध्ययन गरी विश्लेषणका साथ निष्कर्ष निकालिएको छ।

## २. विषयप्रवेश

साहित्यमा कविता विधा सबैभन्दा लामो र पुरानो विधा हो । सृष्टिको आदिकालदेखि कविताका माध्यमबाट कविहरूले आफ्ना गहन विचारहरू व्यक्त गर्दै आएको पाइन्छ। कविताको रचना गर्ने कार्यमा *तेने ब्रह्म हृदा य आदिकवये* भनी ब्रह्माजीलाई आदिकविका रुपमा स्थापित गरिएको पाइन्छ । (श्रीमद्भागवत महापुराणः १.१.१) ब्रह्माजीबाट आरम्भ भएको कविता लेखन कार्य आजसम्म निरन्तर रुपमा चल्दै आएको पाइन्छ । कवितालाई कविको कर्मका रुपमा लिइन्छ । कवि शब्दमा ता प्रत्यय लागेर बनेको शब्द कविताको अर्थ के हो भनी हाम्रा पूर्वीय दार्शनिक तथा विद्वान् र पाश्चात्य दार्शनिकहरूका आ-आफ्नै विचारहरू अभिव्यक्त भएको पाइन्छ (नेपाल, २०७७)।

आचार्य भरतमुनिले कोमल र सुन्दर पदविन्यासलाई कविताको संज्ञा दिएको छन् भने भामहले आफ्नो काव्यालङ्कारमा शब्दार्थौ सहितौ काव्यम् अर्थात् शब्द र अर्थको संयुक्त रुप नै काव्य हो। गद्य र पद्य यसका विधा हुन् भन्दै कविता सम्बन्धी मान्यता अगाडि सारेका छन्। दण्डीले इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो, वामनले काव्यको आत्मा रीति हो, रुद्रटले शब्द र अर्थ नै काव्य हो, आनन्दवर्धनले काव्यको आत्मा ध्वनि हो, कुन्तकले वक्रोक्तियुक्त शब्द र अर्थको सहभाव भएको काव्य मर्मज्ञलाई आनन्द प्रदान गर्ने व्यवस्थित रचना नै काव्य हो भन्दै कविता सम्बन्धी मान्यता अघि सारेका छन्। त्यस्तै मम्मटले कहिंकहिं अलङ्कार नभए पनि दोष रहति गुण सहित शब्दार्थ नै काव्य हो । कविताको परिभाष दिने सन्दर्भमा वाग्भटले गुण, अलङ्कार, रीति र रसले भरिएको सुन्दर शब्दार्थ समूह नै काव्य हो भनेका छन् भने विश्वनाथले वाक्यं रसात्मकं काव्यं अर्थात् रसात्मक वाक्य नै काव्य हो भनी कविताको परिभाषा दिएका छन्।

पूर्वीय दार्शनिकले मात्र होइन पाश्चात्य विद्वान्हरूले पनि कविता सम्बन्धी मान्यता यसरी अगाडि सारेका छन् । भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला नै कविता हो भनी अरस्तुले कवितालाई परिभाषित गरेका छन्। ड्राइडनले कवितालाई सङ्गीतका रुपमा, क्लरिजले सर्वोत्तम शब्दमा आएको सर्वोत्तम शब्दलाई कविताका रुपमा, वर्डवर्थले कवितालाई सहज अनुभूतिको उच्छलनका रुपमा, शेलीले सर्वाधिक सुखपूर्ण क्षणहरूको अभिलेखका रुपमा, म्याथ्यु आर्नोल्डले कवितालाई जीवनको आलोचनाका रुपमा, हडसनले कल्पना र संयोगद्वारा गरिएको जीवनको व्याख्याका रुपमा, जोन्सनले कवितालाई कल्पनाका सहायताबाट आनन्दलाई सत्यसँग समन्वित गर्ने कलाका रुपमा परिभाशित गरी कविता सम्बन्धी आ-आफ्ना विचारहरू व्यक्त गरिएको पाइन्छ।

पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका विचारहरूलाई केलाउँदा के भन्न सकिन्छ भने रीतिवादी, वक्रोक्तिवादी र अलङ्कारवादी कविहरूले कविताका भाषाशैली पक्षलाई प्राथमिकता दिएको देखिन्छ भने रसवादी तथा ध्वनिवादीहरूले भावपक्षलाई प्राथमिकतामा राखेको पाइन्छ। जे होस् कविता कविको कर्म हो जसमा कविले आफ्ना निजानुभूति र आफुले प्राप्त गरेको गहन ज्ञानका आधारमा चतुर्वर्ग फल प्राप्तका लागि रचना गर्दछन् भन्न सकिन्छ।

## ३. व्याख्या र विश्लेषण

'पसिनाको घर' कवितासङ्ग्रहमा प्रयुक्त 'आकाशजस्तो प्रेम', 'मित्रता र प्रेम', 'नबुझेको प्रेम', 'अलिखित प्रेम' र 'हाम्रो प्रेम' शीर्षकका कविताको व्याख्या र विश्लेषण यस प्रकारबाट गरिएको छ।

## ३.१ रचयिता र रचना

'पसिनाको घर' रचनाकार जुनू घिमिरेद्वारा रचना गरिएको गद्य कवितासङ्ग्रह हो। पिता छत्रप्रसाद घिमिरे र माता विमलादेवी धिमिरेकी सुपुत्रीका रुपमा २०३८ साल जेठ २७ गतेका दिन छथर जोरपाटी गाउँपालिका ४, तेलिया धनकुटामा जुनू घिमिरेको जन्म भएको हो । नेत्रप्रसाद न्यौपानेको धर्मपत्नीका रुपमा रहेर उनी अहिले दुवाकोट भक्तपुरको

भूमिसँग ममता गाँस्दै जीवनका उकाली ओराली पार गर्दै साहित्य साधनामा लागेकी नारी स्रष्टा हुन् । उनीले 'पसिनाको घर' शीर्षकको कवितासङ्ग्रह प्रकाशनमा ल्याएकी छिन् । यस कवितासङ्ग्रहभित्र पसिनाको घर, सपनाहरू, म देवी होइन, माटो र बा, ओठको सीमाना, असन्तोष, अस्तित्व, आकाशको जस्तो प्रेम, नदी र नारी, मेरो प्राण, गग्रेटोमा बोतल, आजको मदन, होसियार, माटाको सपना, सहर, ढुङ्गो भएर हेरेँ, रुखको आवाज, टाढिएको छोरा, हाम्रो सम्बन्ध, कमाउनको जोहो, हामी मान्छेहरू, अक्षरको सहारा, सपनाको व्यापार, निःस्वार्थ साथ, म शून्य, मनको कारागार, अपरिचित म, चियर्स, महान पुरुष, म उही त हुँ नि, प्रेम दिवस नजिकिंदै गर्दा, आफ्नै जिन्दगी, मित्रता र प्रेम, नबुझेको प्रेम, सहयात्रा, अलिखित प्रेम, हाम्रो प्रेम, दोधारको मन, कुन जन्ममा बाँच्ने, प्रियेप्सु, मान्छे हुन हिंडेको मान्छे, ए प्यारो जून गरी जम्मा ४२ वटा विविध शीर्षकका कविताहरू समाहित छन् ।

रचयिता जुनू घिमिरेद्वारा तयार गरी प्रकाशनमा ल्याइएका यी फरकफरक शीर्षकका कविताहरूमा प्राय गरेर नारीहरूको सङ्घर्षमय जीवन र कष्टकर व्यथाकथाहरू, सुन्दर सपना साकारका लागि गरिने निरन्तर सङ्घर्ष, नेपाली युवा युवतीका बाध्यात्मक परिस्थितिहरू, जन्मभूमिप्रतिको अपार श्रद्धा, सत्कर्म र सत्विचारहरू हराएका आजका मानिसको जीवन, भौतिक सम्पन्नतातिर दौडिरहेको समाज, अतृप्त चाहनका कारण विदेशतिर पलायन हुने आजका युवायुवतीहरू, नैतिककता हराएका मानिसहरूको जीवन, स्वाभिमानको खोजी गर्दै हिंडेकी कवयित्री जस्ता विषयवस्तु यसभित्र सहमाहित भएका छन् ।

## ३.२ पसिनाको घरभित्रको पञ्चप्रेम

'पसिनाको घरभित्र' शीर्षकको कवितासङ्ग्रहमा पाँचवटा भिन्नभिन्नै शीर्षकका कवितामा प्रेमपरक विषयवस्तु उल्लेख गरिएको छ । तिनै कविताहरूको विषयवस्तुमा, भावपक्ष र आत्मिकप्रेमका बारेमा प्रकाश पार्ने प्रयत्न गरिएको छ । ती कविताहरू निम्नानुसारका छन्ः 'आकाशजस्तो प्रेम', 'मित्रता र प्रेम', 'नबुझेको प्रेम', 'अलिखित प्रेम' र 'हाम्रो प्रेम' ।

## ३.३ प्रेमको परिभाषा

प्रेम त्यस्तो मनोवृत्ति हो जसले कुनै व्यक्ति वा वस्तुलाई खुब महत्व दिएर त्यसलाई प्राप्त गर्न वा त्यसका साथमा रहना सदैव प्रयत्न गर्दछ । प्रेमलाई माया, प्रीति, अनुराग, आशक्ति, स्नेह आदि पर्यायवाची शब्दका माध्यमबाट अझ प्रकाश पार्न सकिन्छ । प्रेमलाई मूलतः प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवप्रेम गरी पृथक क्षेत्रमा देखाउन सकिन्छ । मानवप्रेमभित्र शारीरिकप्रेम, व्यवहारिकप्रेम, मनोमयप्रेम, आशक्तिजन्यप्रेम, श्रद्धाभक्तिमयप्रेम, आत्मिकप्रेम जस्ता प्रेमका फरक स्वरूपहरू हामीले अनुभव गर्दै आएका छौँ । आत्मिकप्रेम परमानन्द प्राप्त गराउने प्रेम हो । विषयानन्द र परमानन्दमा धेरै फरक छ । विषयवस्तुको चाहना वा भावना पूरा भएपछिको क्षणिक सुख विषयानन्द हो भने विषयको चाहनालाई शून्यान्तमा पुऱ्याई ईश्वरीय भावचेतनामा पुगी प्राप्त गरिएको सुख नै परमानन्द हो, जो चिरकालसम्म अवस्थित हुन्छ । वासनात्मकप्रेम चैत्र महिनाको हुहुरे आगोका रूपमा र आत्मिकप्रेमलाई शारदीय शोभाका र रातमा चन्द्रमाबाट प्राप्त अमृत तत्वका रुपमा लिइएको पाइन्छ । 'न जायते मृयते वा कदाचित्' (गीता २.२०) मा आत्मालाई न जन्मने र नमर्ने परमतत्वका रुपमा उल्लेख गरिएको छ । त्यही आत्माबाट सञ्चालित अति निर्मल प्रेम नै आत्मिकप्रेम हो । 'कञ्जिनी' खण्डकाव्यमा लक्ष्मीप्रसाद देवकोटाले देखाएको गोरे र कुञ्जिनीका विचको प्रेम, 'सुलोचना' महाकाव्यमा अनङ्ग र सुलोचनाका विचको प्रेम आत्मिकप्रेम हो ।

## ४. निर्दिष्ट कविताको विश्लेषण

'आकाशजस्तो प्रेम', 'मित्रता र प्रेम', 'नबुझेको प्रेम', 'अलिखित प्रेम' र 'हाम्रो प्रेम' शीर्षकका कवितामा आत्मिक प्रेमको खोजी गर्ने सन्दर्भमा कविताभित्रको विषयवस्तुलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ आकाशको जस्तो प्रेम

पञ्चप्रेममध्ये 'आकाशको जस्तो प्रेम' शीर्षकको कविता पहिलो प्रेमपरक कविता हो । आकाशलाई पतिदेव र धर्तीलाई भक्तिमयी पत्नीका रुपमा प्रतिबिम्बित गरिएको प्रेमलाई महिमामयी प्रेमका रुपमा उल्लेख गरिएको छ । आकाशसँग अतुलनीय सम्पत्ति छ, अनगिन्ति ताराहरू छन्, अमृतको खानी जून छ, शीतल जलप्रवाह गर्ने मेघ छ, धर्तीको आँत तृप्त गराउँने अथाह जलराशी छ, प्राणसञ्चारक अथाह वायु छ । जे खोज्यो त्यही तत्व भए पनि आकाश सधैंसधैं धर्तीलाई माया गर्छ । धर्तीका आवश्यकताहरू प्रसन्न हृदयले पूरा गर्दछ । टाढैबाट अङ्कमाल गर्दछ । धर्ती आकाशका कारणले कहिल्यै रुनु पर्दैन । आकाश धर्तीलाई कहिल्यै चिथोर्न आउँदैन । कस्तो गहिरो माया छ । आवश्यकतामा समर्पणको भाव छ । पीडामा अतुलनीय सहयोग छ । कवयित्री

जुनू घिमिरे आकाशले धर्तीलाई गरेको जस्तो माया मानिसले मानिसलाई गरे कस्तो हुन्थ्यो होला भनी दुईका विचको माया वा प्रेमका बारेमा संवेदनशील बनेकी छिन् । मानिसले मासिसलाई गर्ने माया वा प्रेममा विष मिसिएको जस्तो छ । प्रेमको परिणाम आँसु छन्, पीडा छ, बाध्यता छ, मृत्यु छ । प्रेमले जीवन जिउन सिकाएन, प्रेमले ओठमा हाँसो ल्याउन सकेन, जीवनलाई वसन्त बनाउँन सकेन । स्वार्थी प्रेम सदैव शिशिरको असैह्य पीडा, अव्यक्त करुणा र वैमनस्यता बनेको छ । यतिमात्र कहाँ हो र घृणा, ईर्ष्या, अतृप्ति आदिको थुप्रो बनेका छन् मानवका शरीर । शारीरिक सम्बन्ध नै प्रेमको परिणाम हो भन्ने गलत चिन्तन बोकेर बसेकै कारण आजका नारीहरू अनगिन्ति पीडाका शिकार भएका छन् । नाटकीय प्रेमबाट कायरता, कुटिलता, क्रोध, अभिमान, द्रोह, मात्सर्य, भय, आलस्य, मोह, द्वैष, परदोष, असहिष्णुता, अशान्ति जस्ता विकारहरू मात्रै उत्पन्न भएको जस्तो अनुभूत हुन्छ । कवयित्रीले *छोइएर पोखिनु मात्रै माया होइन, जोखिनु मात्रै पनि माया होइन ।* (पृष्ठ १९) भन्दै कामाशक्तिलाई प्रेम ठान्नेहरूप्रति रोश प्रकट गर्दै आत्मिक प्रेमको आवश्यकतामा जोड दिन्छिन् ।

## ४.२ मित्रता र प्रेम

पञ्चप्रेममध्ये 'मित्रता र प्रेम' शीर्षकको कविता अर्को महत्वपूर्ण प्रेमपरक कविता हो । प्रस्तुत कवितामा मित्रभाव र प्रेमभाव फरक रुपमा प्रस्तुत गरिएको छ । मित्रता राम र हनुमानको जस्तो, कृष्ण र अर्जुनको जस्तो, सुदामा र कृष्णको जस्तो हुनु आवश्यक छ । प्रेमभावको सन्दर्भ उठाउँदा प्रेम त विष्णु र लक्ष्मीको जस्तो, कृष्णको र राधिकाको जस्तो, ब्रह्म र शावित्रीको जस्तो, बराहसँग धर्तीमाताको जस्तो, अत्रिसँग अनुसुयाको जस्तो, चन्द्रमासँग रोहिणीको जस्तो, राजा नलसँग दययन्तीको जस्तो, कश्यपसँग अदितिको जस्तो, वशिष्टसँग अरुन्धतिको जस्तो, गौतमसँग अहिल्याको जस्तो, कर्दमका साथ देवहुतिको जस्तो पो हुनु पर्दछ ।

मित्रता र प्रेम दुवै शब्द समस्त प्राणीका लागि जीवनोपयोगी छन् । यस कवितामा नारीलाई मित्रताको भावमा र नरलाई प्रेमको भावमा उभ्याइएको छ । दुबैमा जीवन दर्शनका बारेमा धेरै भिन्नता हुन सक्छ, वैचारिक धरातलमा केही दुरी हुन सक्छ, तर जीवन जिउने कलामा आत्मिकप्रेम प्रकट गरी जीवनलाई आनन्दमय र रसोमय बनाउनु आवश्यक छ भन्दै आत्मिकप्रेमका पक्षमा उभिएकी छिन् कवयित्री । गार्हस्थ्य जीवनमा वैचारिक तानातान हुन्छ, व्यवहारिक तानातान हुन्छ । सत्कर्मप्रतिको ऊर्जाको तानातानमा पति विजयी बनून् वा पत्नी, दुबैमा आनन्दको अनुभूति हुन्छ । प्रगतिको विशाल बगैचामा लटरम्म फलेका स्वादिला फलहरू चाख्न पाउँदाको सुख अतुलनीय हुन्छ । आत्मिकप्रेममा कोही विजयी हुँदैनन् र कोही पराजित हुँदैनन् । पराजित भएको जस्तो अनुभूति भए पनि हृदयमा विजयको झन्डा फहराइरहेको हुन्छ । त्यसैले त कवयित्री भन्छिन्, *'म संधै तिमीसँग हार्न तयार छु, तिमीले डुब्न त दिंदैनौ नि ।'* (पृष्ठ ७२) आत्मिक प्रेममा कसैले कसैलाई डुबाउँदैन र कसैले पनि हारको अनुभूति गर्नु पर्दैन भन्दै यस कवितामा पनि आत्मिक प्रेमको वकालत गरिएको छ ।

## ४.३ नबुझेको प्रेम

पञ्चप्रेममध्ये 'नबुझेको प्रेम' शीर्षकको कविता तेस्रो प्रेमपरक कविता हो । हरेक व्यक्तिभित्र कर्मस्थल र विश्रामस्थल दुई भिन्न पाटा छन् । यस कवितामा कर्मस्थललाई बिहान र विश्रामस्थललाई साँझको उपमा दिइएको छ । झरी, आकाश, बादल, प्रकृति र एक्लोपन जस्ता शब्दका अगाडि 'त्यो' सार्वनामिक विशेषण पदको प्रयोग गरिएको छ । झरीले दुःखानुभूतिहरू, आकाशले अन्तरजगत्, बादलले भविष्यका सुन्दर आशाहरू, प्रकृतिले पञ्चतत्वद्वारा निर्मित शरीर र एक्लोपनले बेसाहारामयी जीवनहरूको सङ्केत गरेका छन् । म र यो भौतिक जीवन भिन्न हुन् । म अर्थात् यो शरीरभित्रको अलौकिक शक्ति अजर छ अमर छ । मैले माया गरेको यो मेरो शरीर पञ्चवायुतत्वको सुन्दर पुञ्ज हो । यो एक दिन यही माटोमा अवश्य विलिन हुन्छ । म अर्थात् आत्मा फटिकजस्तो निकै चम्किलो छ । गहिराई जीवनको रहस्य हो । जीवनको रहस्यमा पुग्न महामायासम्म पुग्नु आवश्यक छ । महामायाको चक्रमा परेकाहरू यही शरीरलाई म भनेर यसैका पछाडि दौडिरहेका हुन्छन् । शरीर न थियो न सदैव रहिरहने छ । यो एक दिन अवश्य नाश हुन्छ । मायाको महिमा वा शक्ति बुझेर कर्तव्यको बोध गर्दै जीवनका रहस्यमय पत्रहरू खोतल्दै जानु त्यति सजिलो छैन । एकातिर पाञ्चभौतिक शरीरको अस्तित्व त नाशवान् छ है भन्ने कुरा बुझ्न त्यति सजिलो त छैन भने अर्कोतिर आत्माको अमरत्वका बारेमा बुझ्न झनै कठिन छ । त्यसैले त रचयिताको भाव यसरी उर्लेको छ, *'म यो प्रकृतिभन्दा टाढा गएर एक्लो जिउनुको आभाश गर्न सक्छु ? या यादको इन्द्रेणीमा घुलेर जीवन र प्रेम बुझ्दै छु ।'* (पृष्ठ ७४) म अर्थात् आत्मातत्व जो शरीरका रुपमा रहेको तर शरीरभन्दा भिन्न शक्तिका रुपमा अवस्थित छ । त्यसैसँग हरहमेसा गरिने प्रेमलाई नबुझेको प्रेमका रुपमा सङ्केत गरिएको छ । आत्मिकप्रेमको

गहिराइमा पुगेर सो प्रेमको अमरत्व बुझ्न नसकेको र आफू प्रयत्नशील भएको भाव यस कवितामा उल्लेख गरिएको छ।

### ४.४ अलिखित प्रेम

पञ्चप्रेममध्ये 'अलिखित प्रेम' शीर्षकको कविता चौथो प्रेमपरक कविता हो । यस कवितामा पनि प्रेमकै अमरत्वका बारेमा गहन चिन्तन प्रस्तुत गरिएको छ। *सम्बन्ध भनेको भाग्यमा लेखिएकासँग हुन्छ कि त कागजमा लेखाइएकासँग हुन्छ ।* (पृष्ठ ७७) यी भनाइ यस कविताका महत्वपूर्ण पङ्ति हुन् । यहाँ भाग्यले त्रिकर्म अर्थात् सञ्चित कर्म, वर्तमानकर्म र प्रारब्धकर्मलाई सङ्केत गरेको छ। सम्बन्ध कागजमा लेखाइएकासँग हुन्छ भन्नु औपचारिक शिक्षासँग, कानुनी विवाहसँग, आदान प्रदान गरिएको भूमिको स्वामित्वसँग हुन्छ भन्नु हो । आर्थिक दृष्टिले माथि उठ्न नसकेकाहरूको जीवन सोचेको जस्तो हुन सक्दैन । जुरुक्कै माथि उठेका मानिसहरूको जीवनलाई राम्ररी अध्ययन गर्ने हो भने कतिपयको मुखबाट मलाई भाग्यले साथ दिएको हो भनेको सुनिन्छ भने कतिपयले फलाना नभएको भए शिक्षा, अर्थ तथा पद प्रतिष्ठाका दृष्टिकोणले म आज यस स्थानमा आउन सक्दैनथेँ भनेको पनि सुनिन्छ। कर्मवादीहरू न भाग्यमा विश्वास गर्छन् न उनीहरूको भाग्य निर्माण गरिदिने कोही व्यक्ति हुन्छ। आत्मिकप्रेमले मनमा डेरा जमाउन थालेपछि मरुभूमिजस्तो मन पनि हराभरा हुन थाल्दछ । आत्मिकप्रेम मनका चराइरहेका घाउहरूमा मलम बनेर बस्न थाल्दछ । आत्मिक प्रेम मनका ढोकमा आस्थाका कलश बनेर बस्छ र सदैव शोभा प्रदान गर्दछ । आत्मिकप्रेमले भौतिक सम्पन्नताका ताजमहल तथा रानीमहलहरू निर्माण गर्न सक्दैन । यसले त सामान्य झुपडीलाई पनि सबैका लागि चित्ताकर्षक स्वर्णमन्दिरका रुपमा रुपान्तरण गर्न सक्छ । यहाँ अलिखित प्रेमलाई पञ्चामृतका रुपमा प्रस्तुत गरिएको छ। कवयित्री लेख्छिन्, *'मनमा जन्माएर मनमै हुर्काउनु पर्ने सम्बन्ध लाससँग खरानी हुने छन् । के तिमीले बोकेको प्रेम आफ्नैसँग पखाल्न चाहन्छयौ ? या पीपलझैँ वर्षौंसम्म झागिएको हेर्न चाहन्छयौ ?'* (पृष्ठ ७८) प्रेम सम्बन्धका बारेमा आमा र छोरीका विचको यो संवाद पनि मनोमय प्रेम र आत्मिक प्रेमका बारेमा उल्लेख छ। मनोमय प्रेम भौतिक पदार्थको सम्बन्धसँग जन्मिन्छ र पाञ्चभौतिक देहको अस्तित्वसँगै समाप्त हुन्छ। आत्मिक प्रेम भने पुस्तौंपुस्तासम्म रहिरहन्छ । जन्मजन्मान्तरसम्मको पुण्यका प्रभावले निर्मित सम्बन्ध महिमामयी र अमर हुन्छ । मानवमानव विचको एकपटकको सम्बन्ध चिरकालसम्म झाङ्गिरहोस् भन्दै यस कवितामा पनि आत्मिक प्रेमको बखान गरिएको छ।

### ४.५ हाम्रो प्रेम

'हाम्रो प्रेम' शीर्षकको कवितामा सामान्य चिन्तनका दृष्टिले हामी दुईको प्रेम भन्ने अर्थ बोध भएको छ। गहिरिएर अध्ययन गर्ने हो भने हाम्रो प्रेमले विश्वका समस्त मानवका विचको प्रेमलाई सङ्केत गर्दछ। यस कविताले उही आकाश र उही धर्तीका विचको अगाध प्रेमलाई आधारभूमि बनाएर वास्तविक प्रेम अर्थात् आत्मिक प्रेमको महत्वलाई उजागर गरेको छ । समस्त पुरुषवर्गलाई आकाशका रुपमा र समस्त नारीवर्गलाई धर्तीका रुपमा प्रतिबिम्बित गर्दै आकाश र धर्तीका विचमा हुने पवित्र प्रेम समस्त मानवजगत्मा होओस् भन्ने भावना व्यक्त गरिएको छ। आकाशले धर्तीलाई अधिकाधिक अमृतमय पदार्थ प्रदान गर्दछ, अनन्त शक्ति प्रवाह गर्दछ। त्यस्तै अमृतमय शक्ति सृष्टिका लागि अतुलनीय ऊर्जा निःस्वार्थ रुपमा पुरुषवर्गले नारीवर्गलाई प्रदान गरुन् । यस्तै प्रकारको ऊर्जा र प्रेमले निर्माण हुन्छ गतिशील र समुन्नत समाज। राधा र कृष्णका विचमा आत्मिक प्रेम थियो । त्यस प्रेममा इन्द्रियाशक्ति थिएन, कामाशक्ति थिएन, थियो त केबल दुई आत्माको मिलन । त्यस्तै प्रेमको चाहना गरेकी छिन् कवयित्रीले । उनी भन्छिन्,*'घामपानीपछिको मौसममा इन्द्रेणीले आकाश र धर्ती जोडेझैँ हामी पनि मिलनको खुसीमा केहीबेर खुसीमा हराउँने छौँ र पुनः आफ्नै प्रकृतिमा फर्कनै छौँ ।'* (पृष्ठ ८०) पञ्चवायुतत्वद्वारा निर्मित समस्त शरीर पुःन पञ्चवायुतत्वमै मिल्दछन् । देखिनु र हराउँनु प्रकृतिको नियम हो। सृष्टि चल्नु र चलाउनु पनि प्रकृतिकै नियम हो। इन्द्रेणीले धर्ती र आकाश जोडेजस्तै आत्मिक प्रेमले दुई भिन्न दैहिक शरीरलाई एकैछिनको लागि जोड्दछ र सृष्टिको विजारोपण गर्दछ । यहाँ पनि *'वासांसि जीर्णानि यथा विहाय, नवानि गृह्णाति नरोपरानि । यथा शरीराणि विहाय जीर्णान्यान्यानि संयाति नवानि देही' ॥* (गीता २.२२) जसरी मानिसले थोत्रा कपडाहरू त्यागेर अरु नयाँ कपडाहरू धारण गर्दछ त्यसै गरी जीवले पनि पुराना शरीरहरूलाई त्यागेर अरु नयाँ शरीरहरू ग्रहण गर्दछ । कवयित्री पनि यही गीता दर्शनबानट प्रभावित भएर आफ्नो सृष्टि सौन्दयात्मक भोगाइपछि आफ्नै प्रकृतिमा फर्कने चाहना व्यक्त गर्दछिन् । भौतिकप्रेमलाई क्षणिक प्रेमको संज्ञा दिंदै आत्मिकप्रेमलाई अक्षुण्ण राख्ने भाव व्यक्ति गर्दछिन् । कविताको अन्त्यमा कवयित्री यसरी गर्जन्छिन्,'भगवानको प्रेम स्वीकार्ने यो समाजले तिम्रो र हाम्रो प्रेम स्वीकार्दैन, त्यसैले

तिमी आकाश बनेर आऊ, म धर्ती भएर पर्खिरहनेछु ।' (पृष्ठ ८०) आत्मिकप्रेमले जात, वर्ग, धर्म, लिङ्ग, वर्ण, उचनिच, रङ्ग, सक्षम असक्षम आदि केही भन्दैन । प्रेमको मूल्य माग्दैन । बस प्रेम त दुई आत्माको कञ्चन मिलन हो । अतः यस कवितामा पनि आत्मिकप्रेमकै चर्चा गरिएको छ ।

## ५. निष्कर्ष

गद्यशैलीमा रचित प्रस्तुत पाँचवटा प्रेमपरक कविताहरू सरल, सहज तथा बोधगम्य भाषाशैलीको प्रयोग गरेर प्रस्तुत गरिएका छन् । कविता पाठक तथा स्रोताका लागि श्रुतिमधुर छन् । उपमा र रुपक अलङ्कारको प्रयोगले कविताहरू झन मर्मस्पर्शी भएका छन् । बिम्ब र प्रतीकको प्रयोगले गर्दा उत्तिकै भावगाम्भीर्य छन् । आज देखाउटी प्रेमकै कारण उत्पन्न अनेकौं विकृति, पीडा, आत्माहत्या जस्ता जघन्य अपराधहरू देख्दा त्यस्तो स्वार्थी, कामुक, घृणित प्रेमलाई तिरस्कार गर्दै *'सर्वजन हिताय र सर्वजन सुखायको'* प्रेमलाई जीवनमा अवलम्वन गर्न सकौँ, गतिशील र समुन्नत समाजको निर्माण गर्न सकौँ, विश्ववन्धुत्वको भावलाई व्यवहारमा रुपान्तरण गरौँ भन्दै आत्मिकप्रेमलाई प्राथमिकतामा राख्नु नै प्रस्तुत पाँचवटा कविताको मूल सन्देश हो ।

## लेखकको संलग्नता

**डा. मधुसुदन लामिछाने**
वानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर, काठमाण्डौ

**डा. दशरथ न्यौपाने**
वानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर, काठमाण्डौ
neupane.dasarath@gmail.com

## सन्दर्भ सामाग्री

१. **उपाध्याय, केशवप्रसाद,** (२०४८), पूर्वीय साहित्य सिद्धान्त, काठमाडौँ, साझाप्रकाशन ।
२. **घिमिरे, जुनू,** (२०८०), पसिनाको घर, काठमाडौँ जुपिटर प्रिन्टिङ्गएण्ड पब्लिसिङहाउसप्रा.लि. ।
३. **नेपाल, देवी,** (२०७७), कविता के हो र यसभित्र के के पर्दछन् ?, साहित्यपोष्ट ।
४. **भट्टराई, होमनाथ,** (२०८०), जिज्ञासा, काठमाडौँ, मीरा शर्मा, रीना शर्मा ।
५. **महर्षिवेदव्यासप्रणीतं, श्रीमद्धागवतमहापुराण,** (२०७२) गीताप्रेस, गोरखपुर ।
६. **श्रीमद्भगवत्गीता, (२०७५),** महेश संस्कृत गुरुकुल, देवघाट, तनहूँ ।

**TO CITE THIS ARTICLE**

Lamichhane, M., & Neupane, D. (2024). 'पसिनाको घर' कवितासङ्ग्रहभित्रको पञ्चप्रेम' {Panchaprem in the poetry collection "Pasinakoghar"}. *International Research Journal of MMC, 5*(1), 24–31. https://doi.org/10.3126/irjmmc.v5i1.62894

**Submitted:** 28 January 2024 **Accepted:** 13 February 2024 **Published:** 1 March 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda